*बैठक संख्या ६१*

आज मिति २०८३ साल भाद्र २४ गते बुधवार विहान ११.०० वजे मन्थली नगरपालिका नगरकार्यपालिकाको ६१ औं बैठक नगरप्रमुख श्री लव श्रेष्ठको अध्यक्षता एवं देहायका पदाधिकारीहरुको उपस्थितिमा सञ्चालन गरियो ।

## उपस्थिति

| | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लव श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री इश्वरी बस्नेत | उप प्रमुख | |
| ३ | श्री गोपाल श्रेष्ठ | प्रवक्ता एवं वडा अध्यक्ष वडा नं. ८ | |
| ४ | श्री होम प्रसाद पौडेल | १ नं. वडा अध्यक्ष | |
| ५ | श्री सुरेन्द्र बहादुर कार्की | २ नं. वडा अध्यक्ष | |
| ६ | श्री कृष्ण गोपाल थापा | ३ नं. वडा अध्यक्ष | |
| ७ | श्री राजन घिमिरे | ४ नं. वडा अध्यक्ष | |
| ८ | श्री रविन कार्की | ५ नं. वडा अध्यक्ष | |
| ९ | श्री अशोक तामाङ्ग | ६ नं. वडा अध्यक्ष | |
| १० | श्री भुवनहरी प्रसाई | ७ नं. वडा अध्यक्ष | |
| ११ | श्री गोकर्णराज आरण | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री गोपिलाल तामाङ्ग | १० नं. वडा अध्यक्ष | |
| १३ | श्री भिम वहादुर थापामगर | ११ नं. वडा अध्यक्ष | |
| १४ | श्री खिलेन्द्र वहादुर खत्री | १२ नं. वडा अध्यक्ष | |
| १५ | श्री नवराज थापा मगर | १३ नं. वडा अध्यक्ष | |
| १६ | श्री मोतिलाल तामाङ्ग | १४ नं. वडा अध्यक्ष | |
| १७ | श्री उद्धव रस्तेल | कार्यपालिका सदस्य | |
| १८ | श्री गणेश वहादुर माझी | कार्यपालिका सदस्य | |
| १९ | श्री कुमारी सार्की | कार्यपालिका सदस्य | |
| २० | श्री मुना सार्की | कार्यपालिका सदस्य | मुना |
| २१ | श्री उर्मिला वुढाथोकी | कार्यपालिका सदस्य | उर्मिला |
| २२ | श्री राधा कार्की | कार्यपालिका सदस्य | राधा |
| २३ | श्री मान वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २४ | श्री मनुका कामी | कार्यपालिका सदस्य | |
| २५ | श्री नमिता रम्मी (प्र.प्र.अ.) | सचिव | |

### आमन्त्रित उपस्थिती

| | | | |
|---|---|---|---|
| २६ | श्री हिम कुमारी पौडेल | प्रमुख निर्देशक | |
| २७ | श्री सुदर्शन कुमार राय | कानुन अधिकृत | |

## मिति २०८३ साल भाद्र २४ गते बुधबार बसेको

## मन्थली नगरपालिका नगरकार्यपालिकाको ६१ औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ६० औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएका कार्यप्रगतिका वारेमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो।

**निर्णय नं. २**

चालु आ.व. २०८३/८४ विनियोजित योजना तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा छलफल गरियो। कार्यपालिकाको ६० औं वैठकले निर्धारिण गरेको समय सीमा भित्र नै योजना सम्झौताका कार्य सम्पन्न गर्न सम्बन्धित सबै पक्ष क्रियाशिल रहने।

**निर्णय नं. ३**

मन्थली नगरपालिकाको बडा नं. ६ मा निर्माणाधिन फोहोरमैला प्रशोधन केन्द्र निर्माणका लागि चालु आ.व.मा वजेट व्यवस्थापन भएका निकायहरुसँग साझेदारी र लागतको मोडल तय गर्न सम्बन्धित कार्यालयहरुसँग तत्काल समन्वय वैठक आयोजना गर्न सम्बन्धित शाखालाई निर्देश गर्ने।

**निर्णय नं. ४**

मन्थली नगरपालिकाबाट जारी शिक्षा ऐन २०७५ को दफा २३ मा उल्लेखित अधिकारको प्रयोग गरी तयार भएको मन्थली नगरपालिकाको विद्यालय वर्गीकरण कार्यविधि २०८३ पारित गर्ने।

**निर्णय नं. ५**

मन्थली नगरपालिकाको करारमा सहायक कम्प्युटर अपरेटर व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ मा देहाय बमोजिम संशोधन गरी कार्यविधिको पहिलो संशोधन २०८३ पारित गर्ने।

| २०७९ को कार्यविधिमा भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|
| यस कार्यविधि बमोजिम नियुक्त हुने जनशक्तिको मासिक पारिश्रमिक रु १८००० हुनेछ। (दफा ८(ग)(१)) | यस कार्यविधि बमोजिम नियुक्त हुने जनशक्तिको मासिक पारिश्रमिक रु २५००० र खाजा तथा सञ्चार खर्च वापत मासिक रु २००० गरी रु २७००० हुनेछ। दफा (८(ग)(१)) |

**निर्णय नं. ६**

गत भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको वाढीमा परी मृत्युवरण गर्न पुगेका र वेपत्ता भएका मन्थलीवासी नागरिकका परिवारलाई प्रकोप व्यवस्थापन कोषबाट प्रति परिवार रु २५०००।- राहत उपलब्ध गराउने।

निर्णय नं. ७

मन्थली नगरपालिकाबाट आ.व. २०८२/८३ मा सम्पादित कार्यको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (LGPAS) कार्यविधि २०८२ बमोजिम मूल्याङ्कन गर्दा प्राप्त ८३.८० अङ्कलाई सन्तोषजनक अङ्क मानी सम्बन्द्ध सबै पक्षलाई धन्यवाद प्रदान गर्ने। आगामी दिनमा नगरपालिकाको कार्यसम्पादनमा अझ सुधार गरी हालको अङ्कमा वढोत्तरी गराउन सबै पक्ष क्रियाशिल रहने।

निर्णय नं. ८

मन्थली नगरपालिकामा रिक्त दरबन्दीमा पदपूर्तिका लागि नगरपालिकाको मिति २०८२/६/२२ को माग पत्रका आधारमा मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको पत्र संख्या २०८३/८४ च.नं. २८२ मिति २०८३/०५/०५ को पत्रको आधारमा मिति २०८२/०५/०५ बाट लागु हुने गरी स्थानीय सेवा सामान्य प्रशासन समूहको अधिकृत सातौ तहको शाखा अधिकृत पदमा बढुवा सिफारिस भई आउनु भएका रमेश राज सुवेदी (क.स.नं. ३-६२-४२४९-३८९८)लाई सम्बन्धित निकायको निर्णयानुसार ज्येष्ठता कायम हुने गरी वागमती प्रदेशबाट जारी स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन २०७९ को दफा १७ को उपदफा (१) बमोजिम यस नगरपालिकाको अधिकृत सातौ तहको शाखा अधिकृत पदमा वढुवा नियुक्तिको समर्थन गरी पदस्थापन गर्ने।

निर्णय नं. ९

नेपाल विद्युत प्राधिकरण आयोजना व्यवस्थापन निर्देशनालय तामाकोशी-काठमाण्डौ २२०/४०० के.भि. प्रसारण लाईन आयोजनाको पत्र मार्फत प्राप्त रकम मध्ये यस नगरपालिकाको विविध खातामा रहेको १४०००००।– अक्षेरेपी चौध लाख रुपैया बाट मन्थली नगरपालिका वडा नं. १३ मा सार्वजनिक शौचालय निर्माण गर्ने।

निर्णय नं. १०

वागमती प्रदेश सरकारको सहयोगमा मन्थली नगरपालिका वडा नं. १ सानिमदौमा निर्माण भएको शीत भण्डार गृहको सम्बन्धित प्रदेश मन्त्रालयबाट सफलता पूर्वक परीक्षण शुरुवात भई नगरपालिकालाई सञ्चालन अनुमति प्राप्त भएको परिप्रेक्ष्यमा शीत भण्डार गृह सञ्चालनका लागि थप प्राविधिक तथा नीतिगत ज्ञान हासिल गर्न आर्थिक विकास समितिको नेतृत्वमा अन्य पालिकामा रहेका शीत भण्डार गृह सञ्चालनको अध्ययन अवलोकन भ्रमणका लागि अनुमति प्रदान गर्ने।

प्रमुख प्रशासकीय अधिकृत